# रोङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

कोल्बुङ्ग, ईलाम
१ नं. प्रदेश, नेपाल

प.सं. २०७५/०७६
च.नं.

मिति - २०७५/१०/२८

**सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना ।**

प्रथम पटक प्रकाशित मिति २०७५/१०/२८

(सूचना नं. ०३/२०७५/०७६)

१. यस रोङ गाउँपालिका अन्तर्गत तपसिलमा उल्लेखित सडकहरु निर्माण कार्यका लागि दर्तावाला व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुबाट देहाय बमोजिमका शर्तहरुको अधीनमा रही रीतपूर्वक सिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

| ठेक्का नम्बर | गर्नुपर्ने कामको संक्षिप्त विवरण | लागत अनुमान रकम रु. (कन्टीन्जेन्सी र मू.अ.कर बाहेक) | जमानत वापत रकम रु. |
|---|---|---|---|
| RRM/NCB/ 2075/2076-03 | प्युरे सडक स्तरोन्नती तथा नयाँ निर्माण | ८,६१,९४८।७० | २६,०००।०० |
| RRM/NCB/ 2075/2076-04 | हर्कटे, जौबारी, कुवापानी, सेङलेङटार सडक | १७,२३,९७२।४१ | ५२,०००।०० |
| RRM/NCB/ 2075/2076-05 | कुरूङ खोला वडा कार्यालय हुदैं रोङ रोड जोडने सडक | ८,६१,६५३।९६ | २६,०००।०० |

२. सिलबन्दी दरभाउपत्र फाराम खरिद गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र चालू आ.व.को लागि नवीकरण भएको फर्म दर्ता प्रमाण-पत्र, स्थायी लेखा नं. दर्ता प्रमाण-पत्र, मू.अ.कर दर्ता प्रमाण-पत्र एवं आ.व. ०७४/७५ को कर चुक्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी लिखित निवेदन पेश गरी रु. १,०००/- (अक्षरेपी एकहजार मात्र) राजस्व दस्तुर (फिर्ता नहुने गरी) बुझाई यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

दाहाल
प्रमुख प्रशासकीय अधिकृत

३. खरिद गरिएको सिलबन्दी दरभाउपत्र फाराम प्रथमपटक यो सूचना प्रकाशित भएको मितिले १६औं दिन (सोदिन विदा परेमा त्यसको भोलिपल्ट वा कार्यालय खुलेको दिन) दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराईसक्नु पर्नेछ । तोकिएको समयपश्चात् प्राप्त हुन आएका दरभाउपत्रहरु स्वीकार गरिने छैन ।

४. दरभाउपत्र साथ जमानत वापतको रकम मेगा बैंक नेपाल लि. रोङ शाखा, हर्कटेमा रहेको धरौटी खाता नम्बर १०७००१००११५९२ मा फर्म वा व्यक्तिको नाम समेत उल्लेख गरी नगद जम्मा गरेको सक्कलै भौचर वा नेपाल सरकारको स्वामित्वमा रहेको वाणिज्य बैंकबाट ३ महिना म्याद भएको बैंक ग्यारेन्टी समावेश गरी खाममा लाहाछाप लगाई पेश गर्नुपर्नेछ ।

५. प्रथमपटक सूचना प्रकाशित भएको मितिले १६औं दिन (सो दिन विदा परेमा त्यसपछि कार्यालय खुलेको दिन) दिउँसो १:०० बजे दरभाउपत्रदाता वा निजहरुले अख्तियारनामा दिई पठाएका प्रतिनिधिको रोहवरमा यस कार्यालयको कार्यालय प्रमुखको कार्यकक्षमा खोलिनेछ । दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभए पनि तोकिएको समयमा दरभाउपत्र खोल्न कुनै बाधा पर्नेछैन ।

६. कुनै कारण उल्लेख नगरी दरभाउपत्र स्वीकृत गर्ने, अस्वीकृत गर्ने, आंशिक वा पूर्ण स्वीकृत गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

...........................................

डिक प्रसाद दाहाल

प्रमुख प्रशासकीय अधिकृत

डिक प्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत